☎ ५-५२११६५
५-५२३०५१

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
( ................... फाँट)
लक्ष्मी निवास, ललितपुर

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति: २०८१।०६।१८
ने.सं. ११४४ कौलाथ्व २ शुक्रवार

## विज्ञप्ती ।

मिति २०८१ आश्विन ११ गते शुक्रवार र १२ गते शनिवार भएको अविरल वर्षाका कारण ललितपुर जिल्लाका विभिन्न स्थानहरुमा बाढी, पहिरो र डुवान लगायतका विपद्जन्य घटनाले जनधनमा क्षति पुर्याएको छ । हालसम्म यस जिल्लामा विपद्का घटनाबाट मृत्यु हुनेको संख्या ४५ जना रहेको छ । जसमध्ये स्थानीय तहगत रुपमा ललितपुर महानगरपालिकामा ३ जना, गोदावरी नगरपालिकामा २० जना, महालक्ष्मी नगरपालिकामा ७ जना, महाँकाल गाउँपालिकामा १० जना, कोन्ज्योसोम गाउँपालिकामा ३ जना र वागमती गाउँपालिकामा २ जनाको मृत्यु भएको छ । बेपत्ता हुनेको संख्या ७ जना रहेको छ । जसमध्ये महाँकाल गाउँपालिकाको ४ जना र ललितपुर महानगरपालिका ३ जना वेपत्ता हुनेहरुको खोजी कार्य जारी रहेको छ । यस जिल्लामा १०९५ जनाको उद्दार भईसकेको छ । उद्दार गरिएका मध्ये १५ जनाको उपचार पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना गरिएकोमा १२ जनाको डिस्चार्ज भईसकेको र बाँकी ३ जनाको उपचार भईरहेको छ । बाढी तथा पहिरोबाट प्रभावितहरुको संख्या २७५१ जना रहेको छ ।

ललितपुर महानगरपालिका, महालक्ष्मी तथा गोदावरी नगरपालिका र महाँकाल गाउँपालिका गरी जम्मा २५ जना मृतक परिवारलाई आर्थिक सहायता गरिसकिएको छ । बाँकी मृतकका परिवारलाई मिति २०८१ आश्विन १९ गते आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था मिलाईएको छ । विस्थापित/प्रभावितहरुलाई सम्बन्धित स्थानीय तहले तत्काल आश्रयस्थल र खानपानको व्यवस्थापन गरिरहेको छ । स्थानीय तहको मागका आधारमा जिल्ला प्रशासन कार्यालयले एकद्धार प्रणाली मार्फत थप राहत सामाग्री उपलव्ध गराउदै आएको छ । मिति २०८१ आश्विन १६ गते महाँकाल गाउँपालिकाको मानिखेल र गोटिखेल तथा वागमती गाउँपालिकाको प्युटारमा नेपाली सेनाको हेलिकप्टर मार्फत जिल्ला प्रशासन कार्यालयले राहत सामाग्रीको सहयोग गरेको छ । गोदावरी र महालक्ष्मी नगरपालिकामा मागका आधारमा राहत सामाग्री पठाईसकिएको छ । साथै वागमती, कोन्ज्योसोम र महाँकाल गाउँपालिकाको मागको आधारमा थप खाद्य र गैरखाद्य लगायतका आवश्यक सामाग्रीहरु सडक यातायात मार्फत उपलव्ध गराउने प्रबन्ध मिलाईएको छ ।

विस्थापित/प्रभावित व्यक्ति/परिवारलाई राहत दिने उद्देश्यले जिल्ला प्रशासन कार्यालयले निजहरुको पूर्ण र आंशिक क्षतिको सिफारिस सहितको विवरणहरु स्थानीय तह र स्थानीय प्रहरीबाट स्थलगत मुचुल्का संकलनको कार्य शुरु गरेको छ ।

प्रभावित स्थानहरुमा प्रकोपहरुको जोखिम तथा महामारी हुन नदिन जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत स्थानीय तहसँगको समन्वयमा वडास्तरसम्म सचेतनामूलक कार्यक्रम गरिदै आएको छ । साथै आवश्यकता अनुसार औषधी तथा उपचारको व्यवस्था मिलाईएको छ ।

जिल्लाका सम्बन्धित निकाय निकाय तथा आयोजना प्रमुखहरुले निर्माण व्यवसायीहरु र स्थानीय तहसँग सहकार्य गरी अवरुद्ध सडक, खानेपानी, विद्युत र सञ्चारका सेवाहरु यथाशीघ्र सुचारु गर्ने कार्य शुरु गरेका छन् । जिल्लाको दक्षिणतर्फको सडक खण्ड र कान्ति लोकपथको अवरोधहरु हटाउने कार्य तिव्र रुपमा अघिबढेको छ ।

जिल्लाका विभिन्न स्थान तथा टोलमा उद्दार हुन नसकी जोखिम अवस्थामा रहेका व्यक्तिहरुले नजिकको प्रहरी कार्यालय/स्थानीय तह/प्रमुख जिल्ला अधिकारी ९८५१२२७७७७ /सहायक प्रमुख जिल्ला अधिकारी ९८५१३१४८३३ मा सम्पर्क गरी जानकारी गराउनु हुन समेत अनुरोध गरिन्छ ।

२०८१।६।१८

कल्पना घिमिरे नेपाल
(सहायक प्रमुख जिल्ला अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी